मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल


## कृषि विकास कार्यक्रममा प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०४/२९ ने.स ११४४ गुँलाथ्व नवमी

सूचना नं : ५-०८१/०८२ (कृषि विकास शाखा)

मेलम्ची नगरपालिका कृषि विकास शाखाको आ.व. २०८१/०८२ को स्वीकृत कृषि विकास कार्यक्रम अनुसार देहाय अनुसारको कार्यक्रम सञ्चालनको लागि इच्छुक मापदण्ड पुगेका कृषक/ कृषक समूह/कृषि सहकारी/ कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन अर्थात मिति २०८०/०५/१८ गते कार्यालय समय भित्र मेलम्ची नगरपालिका कृषि विकास शाखामा वा कृषि विकास शाखाको वेवसाइट https://www.melamchikrishi.gov.np/ वा प्ले स्टोरबाट **Melamchi Krishi** मोवाइल एप डाउनलोड गरी आयोजना/ कार्यक्रम माग आवेदन फारममा क्लिक गरी मलकार्ड नम्बर र नागरिक्ता नम्बर प्रमाणिकरण भएपछि अनलाइन आवेदन पेश गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। साथै अनुदानको मलको भरपाई बुक नं नभएका र रित नपुगि दर्ता भएका आवेदनहरु छनोट प्रक्रियामा समावेश नगरिने व्यहोरा समेत अनुरोध छ।

| क्र.स | कार्यक्रमको नाम | माग गर्ने सक्ने क्रियाकलाप तथा सामाग्रीको नाम | अनुदान प्रतिशत |
|---|---|---|---|
| १ | कृषि यान्त्रिकरण | मिनिटिलर, डिस घट्ट (कृषक समूह,कृषि सहकारी, कृषि फर्महरुबाट मात्र आवेदन दिन सकिने ) र ब्याट्रि स्प्रेयर (सुरक्षित पहिरहन सहित) | ५० |
| २ | भकारो सुधार | जस्ता पाताको छाना सहितको मल खाल्डो, पिसाव जम्मा हुने खाडल निर्माण। (एकै कल्स्टर र व्यवसायिक रुपमा फलफूल तथा तरकारी खेती गरेको कृषकहरुलाई प्राथामिकता दिइने)। | ५० |
| ३ | कृषि व्यवसाय प्रवर्द्धन | फलामको फ्रेम, थोपा सिचाई सहितको टनेल निर्माण (कम्तीमा ५*१२ मिटरको ३ वटा फलामको फ्रेम सहितको टनेल निर्माण गर्नुपर्नेछ)। | ५० |
| | | प्लाष्टिक मल्चिङ, हाइब्रिड तथा उन्नत तरकारीको बीउहरु। | ७५ |
| ४ | बालि विकास | धान मकै र गहूँको उन्नत बीउहरु। | ५० |
| | | हर्मेटिङ व्याग। | ८५ |
| ५ | माटो सुधार | माटो परिक्षण शिविर सञ्चालन गरी निशुल्क कृषि चुन वितरण (कृषक समूह वा कृषि सहकारी मार्फत मात्र आवेदन दिनुपर्ने)। | १०० |
| | | सुक्ष्म खाद्यतत्व। | ७५ |
| ६ | आलु प्रवर्द्धन | पि.बि.एस दाना। | १०० |
| ७ | मौरी प्रवर्द्धन | मौरी खाली घार (घार स्ट्यान्ड र क्विन गेट सहित) मौरी टोपी, मौरी सामात्ने झोला, धुवादानी, मौरी पन्जा र ब्रस। | ५० |
| ८ | च्याउ प्रवर्द्धन | च्याउको बीउ (सिताके र कन्ये), मैन, एल. डि प्लाष्टिक। | ७५ |
| ९ | कफि प्रवर्द्धन | कफि नर्सरी स्थापना। | ७५ |

नरेन्द्रराज खरेल
प्रमुख प्रशासकीय अधिकृत




Contact: +977-011-401089, 011-401141, 011-401142 E-mail: info@melamchimun.gov.np Website: www.melamchimun.gov.np

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## आवश्यक कागजातहरु

- तोकिएको ढाँचामा निवेदन (अनुसूची -२)।
- नगरपालिकाले वितरण गरेको अनुदानको मलको भरपाई बुकको फोटो भएको पानाको प्रतिलिपि (संस्थाको हकमा सहभागी कृषकहरु सबैको)।
- सम्बन्धित वडा कार्यालयको सिफारिस।(अनुसुचि-२ मा हुने)
- संस्था दर्ता प्रमाणपत्र, करचुक्ता, सञ्चालक समितीको कार्यक्रम माग गर्ने र लागत साझदारी गर्ने प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपि (निर्णय गर्दा सहभागि हुने कृषकहरुको नाम, मलको कार्ड नं, सम्पर्क नम्बर र माग गरेको कार्यक्रम खुल्ने गरि सञ्चालक समितिबाट निर्णय गर्नुपर्ने।(संस्थाको हकमा मात्र)।
- चालु आ.व.को साउन महिना पछि भुमि तथा सम्पति कर तिरेको रसिदको प्रतिलिपि (सहकारी/समूहको हकमा संचालक समितिको पदाधिकारीहरु र सहभागि हुने कृषकहरु सबैको)।
- पशु सेवा शाखामा सुचीकृत प्रमाणपत्रको प्रतिलिपि (कृषि फर्महरुको हकमा मात्र)।

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाईट **www.melamchimun.gov.np** मा हेर्नुहुन तथा मेलम्ची नगरपालिका कृषि विकास शाखा, एकिकृत सेवा केन्द्र पिप्लेमा सम्पर्क राख्नुहुन वा ०११४०१०८९ सम्पर्क गर्न सक्नुहुनेछ। साथै अनुसुची -२ मेलम्ची नगरपालिकाको वेबसाइट, कृषि विकास शाखा र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

२०८१/०८/२०

.............................
झपेन्द्रराज खरेल
प्रशासकीय अधिकृत



Contact: +977-011-401089, 011-401141, 011-401142 E-mail: info@melamchimun.gov.np Website: www.melamchimun.gov.np